# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

वेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

## सामाजिक सुरक्षा भत्ता सम्वन्धि सुचना

**नयाँ लाभग्राहीको नाम दर्ता सम्वन्धमा**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ कार्यविधि बमोजिमको सुविधा उपभोग गर्न योग्य नागरिकले अनिवार्य रुपमा सम्वन्धित स्थानीय तहको वडा कार्यालयमा देहायको मितिभित्र दरखास्त दिनुपर्ने व्यवस्था रहेकोले सोही अनुसार तोकिएको ढाँचामा सम्वन्धीत वडाकार्यालयमा आवश्यक कागजातपत्र सहित निवेदन पेश गर्नुहुन सम्वन्धीत सबैलाई जानकारी गराईन्छ ।

**नाम दर्ताको लागि निवेदन पेश गरिसक्नु पर्ने मिति**

क) आगामी आ.व ०७७/७८ को फागुन मसान्त भित्र उमेर पुग्ने जेष्ठ नागरिकहरुले आगामी आ.व मा उमेर पुग्ने मिति उल्लेख गरी चालु यस आ.व ०७६/०७७ को पुस मसान्त भित्र ।

ख) अन्य लाभग्राहीहरुले आफ्नो प्रमाण पत्र सहित वर्ष भरीनै निवेदन दिन सक्ने

**नयाँ नाम दर्ताको लागी निम्नानुसारको कागजातहरु अनिवार्य संलग्न गर्नुपर्नेछ :**

क) निवेदन १: (कार्यविधिमा तोकिएअनुसार-वडा कार्यालयवाट निशुल्क उपलब्ध हुने)

ख) सवै लाभग्राहीको हकमा २ प्रति पासपोर्ट साईजको फोटो ।

ग) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

घ) बालवालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिका साथै आमा वा आमा नभए संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र नजिकको स्वास्थ्य संस्थामा खोप लगाएको वा तौल जाँच गराएको प्रमाण पत्र,

ङ) एकल महिलाको हकमा अविवाहिताको प्रमाण तथा सम्वन्ध विच्छेद दर्ताको प्रमाण पत्रको प्रतिलिपि

च) विधुवाको हकमा पतिको मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपि,

छ) अपाङ्गताको हकमा प्रचलित कानून बमोजिम जारी भएको अपाङगता परिचय पत्रको प्रतिलिपि

**सामाजिक सुरक्षा भत्ता खाईपाई आएका लाभग्राहीको नाम नविकरण सम्वन्धमा**

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ७ को उपदफा (१) बमोजिम हाल भत्ता प्राप्त गरीरहेका सबै प्रकारका लाभग्राहीहरुले आगामी आर्थिक बर्ष ०७७/०७८ मा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा (१) को (क) मा उल्लेखित समयावधिभित्र सम्बन्धित वडा कार्यालयमा दरखास्त दिनु पर्ने व्यवस्था रहेकोले सोही अनुसार आवश्यक कागजात पत्र सहित तोकिएको ढाँचामा सम्वन्धीत वडा कार्यालयमा यस आ.व. ०७६/०७७ को पुस मसान्त भित्र निवेदन दिनु हुन अनुरोध छ ।

**नाम नविकरणको लागी आवश्यक कागजातपत्रहरु**

१) निवेदन १: (कार्यविधिमा तोकिएअनुसार-वडा कार्यालयवाट निशुल्क उपलब्ध हुने)

नोटः निवेदन पेश गर्न आउँदा सक्कलै नागरिकताको प्रमाण पत्र सहित उपस्थीत हुनुपर्ने छ ।

**थप जानकारीको लागी**

सम्पर्क वेसीशहर नगरपालिकाकार्यालय
वेसीशहर, लमजुङ
०६६-५२०२०४, ५२०१५०

मोहनप्रसाद ...
प्रमुख प्रशासकीय अधिकृत